'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
*Namaste Karnali National Daily* राष्ट्रिय दैनिक

वर्ष १ | अंक : ३३ | शुक्रवार ११ असोज, २०८१ | *27 (Friday) September 2024* | पृष्ठ ४, | मूल्य रु : १०।-

# चाडपर्वमा नेपालगञ्जको ट्राफिक व्यवस्थापनमा कडाइ

• नमस्ते समचारदाता

नेपालगञ्ज, असोज/१०



नजिकिएका चाडपर्वहरूलाई मध्यनजर गर्दै नेपालगञ्ज उपमहानगरपालिका भित्रको ट्राफिक व्यवस्थापनलाई चुस्तदुरुस्त बनाइने भएको छ । दशैं, तिहार, छठ लगायत नेपालीहरूका महान् चाडपर्वहरूलाई लक्षित गरी नेपालगञ्जको चुनौतीको रुपमा रहेको ट्राफिक व्यवस्थापनलाई चुस्तदुरुस्त बनाइने भएको हो । जिल्ला प्रशासन कार्यालय बाँकेमा बसेको सरोकारवाला निकायको बैठकले सवारी साधन र सर्वसाधारणको चाप हुने ठाउँहरूमा नवरात्र शुरु हुनु अगाडि नै एकतर्फी बाटो सञ्चालन गर्ने निर्णय गरेको छ । गणेशमान चोकदेखि चार बाहिनी चोकसम्म जाने मात्र र फर्किंदा त्रिशक्ति मार्गबाट मात्र फर्किन गरी वन-वे बाटो सञ्चालन गर्ने निर्णय भएको नगर प्रहरी प्रमुख सूर्यबहादुर बोगटीले जानकारी दिए । यसका लागि जिल्ला प्रहरी कार्यालय, ट्राफिक प्रहरी कार्यालय र नगर प्रहरीले एकआपसमा समन्वय गरेर काम गर्नेछन् । यसैगरी नेपालगञ्जको मुख्य बजारभित्र सञ्चालन हुने ठेला, इ-रिक्सा लगायत अन्य सवारी साधन ट्राफिक अवरोध नहुने गरी प्रचलित ट्राफिक नियम अनुसार सञ्चालन गर्ने गराउनेछन् । ट्राफिक प्रहरी कार्यालयले नेपालगञ्ज उद्योग वाणिज्य सङ्घसँग समन्वय गरी त्रिवेणी मोडदेखि त्रिभुवन चोकसम्म तीन-तीन दिन पालो गर्ने गरी वन वे बाटो चलाउन पहल गर्ने भएको छ । सार्वजनिक बाटोमा यत्रतत्र निर्माण सामग्री र ाखी बाटो अवरुद्ध गर्ने र ट्राफिक व्यवस्थापनमा असहजता उत्पन्न गराउने कार्यलाई निरुत्साहित गर्ने, निर्माण लगायतका अन्य सामग्री बाटोमा राख्न नदिने सडक पेटी फुटपाथ तलदेखि माथिसम्म पूरै खाली गर्ने लगायतका निर्णय भएका छन् । नेपालगञ्ज उपमहानगरपालिकाका नगर प्रमुख प्रशान्त विष्टले चाडबाडका बेला हुने भिडभाड र ट्राफिक चापलाई व्यवस्थित गर्ने गरी विभिन्न निर्णयहरू गरेर कार्यान्वयनमा अघि बढेको बताए । सवारी साधनबाट जहाँसुकै यात्रु चढाउने र ओराल्ने कार्य गर्दा दुर्घटनाको जोखिम बढेकाले त्यसलाई निरुत्साहित गर्ने, सडकका छाडा पशु चौपायालाई शनिवारको दिन नियमित काञ्ची हाउस पुऱ्याउँदै आएकोमा त्यसलाई निरन्तरता दिइनेछ । चाडपर्वका बेला बजार क्षेत्रमा अनुगमनलाई सघन बनाउँदै उपभोक्तालाई गुणस्तरीय बस्तु तथा सेवा उपलब्ध गराउन सरोकार वाला सबै सक्रिय हुने निर्णय पनि गरिएको नगर प्रहरी प्रमुख बोगटीले जानकारी दिए । प्रमुख जिल्ला अधिकारी खगेन्द्र प्रसाद रिजालको अध्यक्षतामा बैठक सम्पन्न भएको थियो । चाडपवैमा बजार क्षेत्रमा अनुगमन गर्नु आबश्यक देखिन्छ ।

# विपना र नन्दादेवीलाई नई कपिल विद्यापदक

• नमस्ते समचारदाता

हुम्ला, असोज/१०





नइ प्रकाशनले २०८० सालको बाह्र कक्षाको परीक्षामा बाजुरा जिल्लाका सर्वोत्कृष्ट छात्रा विपनाकुमारी बूढालाई तीस हजार रुपियाँ राशिसहित 'नइ कपिल विद्यापदक' समर्पण गर्ने निर्णय गरेको छ । मालिका माध्यमिक विद्यालयकी छात्रा बूढालाई ३.२१ जिपिए प्राप्त भएको थियो । यसै गरी सोही परीक्षामा हुम्ला जिल्लाका सर्वोत्कृष्ट छात्रा नन्दादेवी रोकायलाई तीस हजार रुपियाँ राशिसहित 'नइ कपिल विद्यापदक' समर्पण गर्ने निर्णय गरेको छ । सीता माध्यमिक विद्यालयकी छात्रा रोकायलाई ३.१५ जिपिए प्राप्त भएको थियो । नइ प्रकाशनका कुलपति इन्दिरा प्रसाईको अध्यक्षतामा बसेको नइ प्रकाशनको बैठकले सो निर्णय गरेको हो।'नइ कपिल विद्यापदक' सुप्रसिद्ध मनोरोग तथा नसा विशेषज्ञ डा.कपिलदेव उपाध्यायका सम्मानमा नइ प्रकाशनले स्थापना गरेको हो । सो प्रकाशनले नेपालका विभन्न दुर्गम भू-भागका सरकारी विद्यालयबाट बाह्र कक्षामा सर्वोत्कृष्ट हुने एक एक जना छात्रालाई हरेक वर्ष जनही तीस हजार रुपियाँ राशिसहित विद्यापदकले पुरस्कृत गर्दै आएको छ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम

# कर्णाली प्रदेशमा जन्मदर्ता गर्नेको सङ्ख्या सबैभन्दा बढी

• नमस्ते समचारदाता

सुर्खेत, असोज/१०




देशभर कर्णाली प्रदेशमा सबैभन्दा बढी जन्मदर्ता हुने गरेको पाइएको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयले जनाएको जन्मदर्ताको विवरण अनुसार सबैभन्दा बढी जन्मदर्ता गर्नेको सङ्ख्या कर्णाली प्रदेशमा रहेको छ। सबैभन्दा कम जन्मदर्ता गर्ने प्रदेश बागमती रहेको छ । प्रतिनिधि सभा अन्तर्गतको महिला तथा सामाजिक मामिला समितिमा भएको छलफलमा तथ्याङ्क विभागले नेपालमा शुन्य दशमलव ५ प्रतिशत भन्दा कम जनसङ्ख्या भएको १ सय १५ जातजातिहरूको विवरणबारे जानकारी गराएको छ । नेपालमा सबैभन्दा कम जनसङ्ख्या भएको जातजातिमा नुराङ जाती रहेको र उनीहरूको जम्मा ३६ जना मात्रै जनसङ्ख्या रहेको तथ्याङ्क छ । साक्षरता दर न्युन भएका २४ जातजाति रहेकोमा सबैभन्दा कम सारक्षरता भएकोमा क्रमशः मुसहर ,डोम, नटुवा रहेको कार्यालयले जनाएको छ । यसैगरी पछिल्लो समय एकल परिवारमा बस्नेको सङ्ख्या बढ्दै गएको र २०७८ सालको जनगणना अनुसार नेपालमा ६० प्रतिशत मानिस एकल परिवारमा बसोबास गर्छन् । ४० प्रतिशत संयुक्त परिवारमा बसेको तथ्याङ्कमा देखिएको कार्यालयले समितिमा जानकारी गराएको छ । बैठकमा सांसदहरुले राज्यका मुल प्रवाहमा आउन नसकेका समुदायको पहिचान अझै प्रभावकारी रुपमा हुन नसकेको, विभिन्न जातजातिको साक्षरता दर हेर्दा सन् २०२५ सम्ममा सबैलाई साक्षर बनाउन सक्ने अवस्था नदेखिएको, वास्तविक अल्पसङ्ख्यकले अवसर पाउन नसकिरहेको, जनगणनामा सही तथ्याङ्क सङ्कलनमा ध्यान दिनुपर्ने लगायतका विषय उठाएका थिए ।

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

जन्म, मृत्यु, विवाह, बसाईँ सराईँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
हिमाली गाउँपालिका
धुलाचौर,बाजुरा

# सडक सुरक्षा र जीवनरक्षाका व्यावसायिक पक्ष

डा. पुष्पराज पन्त

**पृष्ठभूमि**

हाम्रो देशमा यात्रीवाहक बस र मालसामान ढुवानी व्यवसायमा संलग्न यातायात कम्पनीले आफ्नो नामको पछाडि 'सेवा' भन्ने शब्द झुन्ड्याएका हुन्छन् । जस्तै : ...बस सेवा, ...ढुवानी सेवा । त्यसै गरी कम्पनीहरूले नामको पछाडि 'प्रालि' वा 'कम्पनी' पनि लेख्ने गर्छन् । नेपालमा यातायात सेवामा लगभग सबै लगानी निजी क्षेत्रको छ । अतः यो व्यवसाय नाफा कमाउने उद्देश्यका साथ सञ्चालन गरिएको सेवा हो। एक ठाउँबाट अर्को गन्तव्यमा यात्रा गर्दा वा मालसामान ढुवानी गर्दा व्यक्तिले यस्ता यातायात वा ढुवानी कम्पनीले प्रदान गर्ने सेवाको उपभोग गर्छन् । यसलाई मानिस बिरामी भएमा स्वास्थ्य सेवा दिन निजी क्षेत्रबाट खोलिएका स्वास्थ्य संस्थासँग तुलना गर्न सकिन्छ । किनभने स्वास्थ्य संस्थामा उपचारका लागि मापदण्ड, उपकरण र जनशक्ति उपलब्ध छैन भने बिरामीको ज्यानकै जोखिम हुने भनेर निश्चित नियमको परिधि तोकेर निरन्तर अनुगमन सुनिश्चित गरिएको हुन्छ । यसरी राज्य, सरकार र लगानीकर्ताले समन्वयमा कानुनी र व्यावहारिक कार्यद्वारा एक प्रणाली तयार पारेका हुन्छन् । जहाँ रोगहरूको उपचारबाट बिरामी सन्चो बनाउन हरसम्भव प्रयत्न गरिएको हुन्छ । अस्पतालको घर-भवन जति भव्य र ठुलो भए पनि त्यसमा उपरोक्त किसिमको प्रणाली छैन भने बिरामीको उपचार सम्भव हुँदैन । सडक सतह मात्र निर्माण गरेर हुँदैन, त्यसमा सवारीसाधन चलाउने चालक, पैदलयात्री र अन्य सडक प्रयोगकर्तालाई सुरक्षित रहन सहायक हुने गरी सडक सुरक्षाका मापदण्ड, संकेत चिह्न (प्रविधि वा उपकरणमा आधारित पनि) को व्यवस्था गरिनुपर्छ । अन्यथा त्यहाँ दुर्घटनाको सम्भावना हुन्छ । मानिसहरूको यात्रा सुरक्षित छ भन्ने सुनिश्चित गर्न सकिँदैन ।

देशमा सडक सञ्जाल जताततै फैलिइसकेको छ । पहिले ठुला-ठुला सहर जोड्ने सडक अब वडा, गाउँ र टोलहरू जोड्ने भइसके । सडकमा यात्रीवाहक ( सार्वजनिक वा निजी) सँगै ढुवानीका साधन सञ्चालन भइरहेका छन् । हाम्रा कुनै सडक बाह्रै महिना सञ्चालनका लागि सुरक्षित छन् भने अधिकांशको अवस्था दयनीय छ, जहाँ सुक्खा मौसम वा दिनमा यातायात सञ्चालन गर्न सकिए पनि वर्षायाम वा रातमा सम्भव हुँदैन । हाम्रा कुनै कुनै सडक केवल साना सवारी-साधन ( दुईपांग्रे वा चारपांग्रे)का लागि मात्र उपयुक्त हुने खालका छन्, तर अक्सर बाटोको क्षमता र सवारीसाधनको प्रकारको हिसाबले होइन कि लहडको भरमा यातायात सेवा सञ्चालन गरिएका कारण ग्रामीण भेगमा दुर्घटनाका खबर बारम्बार आइरहेका छन् । ग्रामीण भेगमा हुने सबै सडक दुर्घटनाको अभिलेख पाउनै मुस्किल छ । राष्ट्रिय तथ्यांक हेर्ने हो भने जति सुगम त्यति धेरै दुर्घटनाको अभिलेख र जति दुर्गम त्यति नै कम दुर्घटनाको तथ्यांक पाइन्छ । उदाहरणका लागि कोशी र मधेस प्रदेशहरूको तुलनामा सुदूरपश्चिम र लुम्बिनी प्रदेशहरूमा अभिलेख गरिएका दुर्घटनाको संख्यालाई तुलना गर्नै नमिल्ने गरी अन्तर पाइन्छ ।

**कानुनी व्यवस्था**

संघीयताको प्रादुर्भावपछि सडकको स्वामित्व संघ, प्रदेश वा स्थानीय तह कसको कति रहने भन्ने बहसले लामो समय खायो । त्यहाँ सञ्चालन हुने यातायात सेवा र त्यसका लागि सञ्चालन गरिने यातायातका साधनको दर्ता, रुट परमिट वा तन्दुरुस्ती जाँचबारे प्रदेशहरूले प्रदेश स्तरीय ऐनहरू निर्माण गरेका छन् । यद्यपि प्रदेश ऐनहरूमा संघको यातायात व्यवस्था ऐन (२०४९) का कतिपय व्यवस्थालाई कपी-पेस्ट गरिएका छन् । ऐन बन्दैमा त्यसले आम जीवनमा खासै ठुलो परिवर्तन गर्न सक्दैन, किनभने त्यसमा भएका प्रावधानको कार्यान्वयनका लागि नियमावली, कार्यविधि वा निर्देशिका बनाउनुपर्छ र कतिपय अवस्थामा दक्ष जनशक्तिसहितको खास संयन्त्र पनि खडा गर्नुपर्छ । सडक कालोपत्रे बनाइदिएर मात्र राज्यको जिम्मेवारी पूरा हुँदैन । सवारी चालक अनुमतिपत्र लिनका लागि चालकमा पर्याप्त सीप र दक्षता भए वा नभएको, उनीहरूले चलाउने सवारी साधनको नियमित परीक्षण भए वा



नभएको, सडकमा पर्याप्त सूचनामूलक संकेत राखेको वा नराखेको पनि हेर्नुपर्ने हुन्छ । नीति-नियमहरू कति प्रभावकारी छन् र तिनमा के-कस्ता परिमार्जन आवश्यक छ भन्ने सुनिश्चित गर्न अनुगमन र मूल्यांकन प्रणाली पनि सँगसँगै सक्रिय हुनुपर्छ, अनि मात्र विद्यमान ऐन-कानुन र नियमले सार्थकता पाउँछन् । हाल नेपालका प्रदेशमध्ये धेरैमा यातायात तथा सडक सुरक्षासम्बन्धी नियमावली, कार्यविधि वा निर्देशिका, मापदण्ड वा रणनीतिक कार्ययोजना बनाइएको छैन । २०८० सालमा मस्यौदा भएको एउटा प्रदेशको 'सवारी तथा यातायात व्यवस्था' नियमावलीमा 'यात्रीवाहक सवारीको वर्गीकरण, स्तर र क्षमता' अन्तर्गत कार र ट्याक्सीलाई 'चालकसहित बढीमा पाँच जनासम्म यात्रु राख्न सक्ने सिट क्षमता भएको' भनेर लेखिएको छ। जुन व्यवस्था २०५४ को यातायात व्यवस्था नियमावलीको नियम १५ (घ)को कपी-पेस्ट हो । नेपालमै पनि ६ वा सात सिटे कार सञ्चालनमा छन् । यस परिभाषाले तिनलाई कसरी समावेश गर्छ ? यसैगरी नियमावली २०५४ को नियम १८ (१) 'क'देखि १८ (१) 'घ'सम्म विभिन्न खालका 'यात्रीवाहक सवारीको स्तर' वर्णन गरिएको छ, त्यसलाई पनि प्रदेश नियमावलीमा हुबहु सारिएको छ, जुन तत्काल विदेशी बजारमा उपलब्ध र नेपाली व्यवसायी र कम्पनीले आयात गर्ने बसहरूको विशिष्टता (स्पेसिफिकेसन)सँग कसरी मेल खान्छ ? यो पनि सोचनीय विषय छ । भन्न खोजिएको के हो भने– अहिले बन्दै गरेका ऐन, नियमावलीहरू पुरानाबाट हुबहु सार्नेभन्दा पनि धरातलीय यथार्थ, प्रचलित कानुन बनेयताका तीन दशकमा अटोमोबाइल प्रविधिमा भएको विकासलाई मध्यनजर गरी बनाइएमा व्यावहारिक हुने र लागु गर्न पनि सजिलो हुन्छ ।

**व्यावसायिक सम्भावना**

नेपालमा सडक सुरक्षाका कार्यक्रममा आर्थिक कारोबार प्रत्यक्ष नदेखिने भएकाले यसमा सबैले सरकारको मुख ताकेर बसेका छन् । हो, समग्र सडक सुरक्षा संयोजन र सरोकारवालासँग समन्वय गर्ने अधिकारसम्पन्न निकाय बनाउने र सडक सुरक्षा कानुन पारित गर्ने काम पनि सरकारकै हो । यद्यपि सडक सुरक्षा वा सडक दुर्घटना न्यूनीकरणका लागि खास कार्यक्रम आवश्यक हुन्छन् । विद्यालयका बालबालिकालाई ट्राफिक नियम घोकाएर मात्रै सडकको सुरक्षा हुँदैन । ट्राफिक प्रहरीले तत्कालमा आफूसँग उपलब्ध जनशक्ति, स्रोत र उपकरण परिचालन गरेर सडकमा उपस्थित भई ट्राफिक नियम पालना गराएर मात्र पनि सडक यातायातलाई सुरक्षित पार्न सकिँदैन । हाल सडक र यातायात व्यवस्थापन गर्ने सरकारी निकायका पदाधिकारीले 'सेफ सिस्टम एप्रोच टु रोड सेफ्टी) भन्ने शब्दावली जान-अन्जानमा प्रयोग गर्ने गरेका छन् । सडक सुरक्षाको प्रणालीगत अवधारणा साँच्चै लागु गर्ने हो भने सरकारी पदाधिकारीले निम्न कार्य गर्नुपर्छ ।

(१) सडक प्रयोगकर्ता (मानिस) लाई केन्द्रमा राखेर आफ्ना नीति र कार्यक्रम बनाउनुपर्छ। (२) ९० प्रतिशत दुर्घटना चालकको लापरवाहीले हुन्छ भन्न छाड्नुपर्छ । (३) सडक सुरक्षाका क्रियाकलापमा व्यावसायिक सम्भावनाबारे बहस सुरु गर्नुपर्छ । सरकारी अधिकारी, नीति-निर्माता, निजी क्षेत्र र कर्पोरेट हाउसहरू यी कामबारे अनभिज्ञ रहेकाले यसमा लगानी कुनै क्षेत्रबाट पनि आकर्षित हुन सकेको छैन । धेरैले सडक सुरक्षा भन्नेबित्तिकै यो एक किसिमको ज्ञानमूलक, सचेतनामा आधारित, गैरव्यावसायिक क्षेत्र हो र यसमा पुँजीको लगानी र प्रतिफल प्राप्त गर्ने सम्भावना छैन भन्ने बुझेका छन् । देशमा सडकको सतह र पुलहरू मात्र निर्माण हुने तर तिनमा संलग्न गर्नुपर्ने सुरक्षाका कुनै पनि पूर्वाधारमा लगानीको वातावरण नबन्नु यसको प्रमाण हो ।

यस क्षेत्रमा लगानीका अवसरबारे जानकारी दिने यस लेखको उद्देश्य हो ।

**व्यवसायीकरण**

माथिको उदाहरणमा अस्पतालको भवन आएको छ । त्यस भवनमा जडान गरिने उपकरण, मेसिनरी, प्रयोगशाला, रोग अनुसारका विभाग स्थापना जति बढी र पर्याप्त मात्रामा भयो, त्यति नै अस्पतालले दिने सेवाको गुणस्तर बढ्छ। त्यस्तै सडक र पुलको सतह बनिसकेपछि त्यसमा जडान वा स्थापना गरिने संकेत (प्रविधिमा आधारित पनि) र त्यसको अनुगमनका लागि खटाइने जनशक्तिमा पनि जति बढी लगानी र व्यवस्था गरियो, त्यति नै बढी ती सडकहरूको यात्रा सुरक्षित हुँदै जान्छ । सडक कालोपत्रे बनाइदिएर मात्र राज्यको जिम्मेवारी पूरा हुँदैन । सवारी चालक अनुमतिपत्र लिनका लागि चालकमा पर्याप्त सीप र दक्षता भए वा नभएको, उनीहरूले चलाउने सवारी साधनको नियमित परीक्षण भए वा नभएको, सडकमा पर्याप्त सूचनामूलक संकेत राखेको वा नराखेको पनि हेर्नुपर्ने हुन्छ । दातृ निकायहरू, स्वदेशी लगानीकर्ताहरू वा विश्वका विकसित र दुर्घटना न्यूनीकरणमा उदाहरणीय प्रगति गरेका देशमा बसोवास गर्ने डायस्पोरा समुदायले निम्नलिखित ठुलो परिमाणमा आर्थिक कारोबार हुने क्रियाकलापमा काम गर्ने वातावरण तयार भयो भने तलका आठ बुँदाहरूले अर्बौं रुपैयाँको निर्माण एवं सचेतनाको काम सिर्जना गरी हजारौँलाई रोजगारी दिन सक्नेछ । तत्काल रोजगारी र सडक सुरक्षामा सकारात्मक परिवर्तन ल्याउने व्यावसायिक सम्भावना भएका केही क्रियाकलापहरू निम्नानुसार छन् :

१) निर्माण सम्पन्न भएको सडक सतहमा लेन र विभिन्न संकेत रंग लगाउने, सडकछेउमा उचित सेफ्टी ब्यारिअर राख्ने, सडक संकेत बोर्ड राख्ने, कन्भेक्स मिरर (घुम्तीमा ऐना) राख्ने, सडक संकेत बोर्डलाई राति वा अँध्यारोमा पनि देख्न सकिने गरी रिफ्लेक्टर वा बत्ती जडान गर्ने ।

२) सडकमा दिन-रात निरन्तर र नियमित निगरानीका लागि सडक बत्ती जडान गर्ने, सीसी क्यामेरा जडान गर्ने, ती सीसीटीभीको नियमित रेखदेख गर्ने कन्ट्रोल रुम र त्यहाँ काम गर्ने दक्ष टेक्निसियनहरूको दरबन्दी तोक्ने र तालिम दिई काममा लगाउने ।

३) देशैभरि चालक प्रशिक्षण केन्द्र खोल्ने, चालक प्रशिक्षकलाई पेसाका रूपमा प्रवर्द्धन गर्ने । स्वरोजगार र संस्थागत चालक प्रशिक्षण दिएर दक्षताको प्रमाणपत्र पाएपछि मात्र चालक अनुमतिपत्र परीक्षा लिइने व्यवस्था सतहत्तरै जिल्लामा गर्ने ।

जनहितमा जारी सन्देश
आफ्नो घर आगन सफा राखौं ।
विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।
पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पडेक्षा, कालीकोट

जनहितमा जारी सन्देश
आफ्नो घर आगन सफा राखौं ।
विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।
सान्नी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मेहलमुडी, कालीकोट

जनहितमा जारी सन्देश
आफ्नो घर आगन सफा राखौं ।
विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।
पलाँता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पलाँता, कालीकोट

# कञ्चनपुरमा ६ करोडमा बनेको रानाथारू संग्राहलय अलपत्र

• नमस्ते समचारदाता
काठमाडौं, असोज/१०




कञ्चनपुरको पुनर्वासमा ३ वर्षअघि झण्डै साढे ६ करोडको लगानीमा निर्माण भएको रानाथारू संग्राहण अलपत्र अवस्थामा छ। पुनर्वास नगर पालिका- १ मा निर्मित रानाथारू संग्राहलय अझै सञ्चालन हुन सकेको छैन। संघीय सरकार पर्यटन विभागले टेण्डरमार्फत निर्माण गरी नगरपालिकालाई हस्तान्तरण गरिसकेको ३ वर्ष भए पनि सञ्चालनका लागि आर्थिक अभाव भएपछि साढे ६ करोडको लगानीमा निर्मित संग्राहलय जीर्ण अवस्थामा छ। संग्राहलय निर्माण लागि स्थानीयले साढे तिन बिघा जग्गा उपलब्ध गरएका थिए । संग्राहलयमा रानाथारू समुदायका मौलिक वाल पेन्टिङ मात्र गरिएका छन्। पर्यटन विभागबाट भवन निर्माण भएपनि संग्राहलयमा राख्ने अन्य सामाग्रीका लागि बजेट नभएकोले सञ्चालनमा ल्याउन नसकेको रना थारु संग्राहलयका अध्यक्ष विश्राम रानाले बताए। हुलाकी सडकबाट करिब चार किलोमिटरको दूरीमा रहेको सङ्ग्रहालय पुनर्वास नगर पालिकालाई हस्तान्तरण भइसकेको छ तर नगरपालिकासँग संग्राहलय सञ्चालनका लागि स्रोत नभएकाले सञ्चालनमा छैन। 'नगरपालिकाले पटक-पटक गरी अहिलेसम्म २० लाख खर्च गरेको छ',नगउपप्रमुख भुलीया कुमारी रानाले भनिन्, 'सञ्चालन ल्याउन अझै कम्तिमा १ करोड आवश्यक छ।' नगर उपप्रमुख रानाले संग्राहलयमा रानाथारू समुदायका सांस्कृतिक महत्वका सामग्री राख्न पनि समस्या भएको बताइन्। उनले संघ र प्रदेश सरकारसँग संग्राहलय सञ्चालनका लागि पटक पटक पनि सुनुवाइ नभएको बताइन् । रानाथारू संग्राहलय निर्माण भएको तीन वर्ष भइसकेको छ। संरचना जीर्ण बन्दै गएका छन्। संग्राहलय परिसर झाडीले छोपेको छ। जडान गरिएका सोलार बत्ती काम नलाग्ने अवस्था छन्। समयमै संग्राहलय सञ्चालनमा नआए करोडौंको लगानी खेर जाने अवस्था छ ।

# राष्ट्रपति पौडेलद्वार नारायणी नदीमा बनेको झोलुंगे पुल उद्घाटन

• नमस्ते समचारदाता
नेपालगन्ज, असोज/१०



राष्ट्रपति रामचन्द्र पौडेलले सुस्तामा बनेको झोलुंगे पुलेको उद्धाटन गरेका छन्। नवलपरासी बर्दघाट सुस्ता पश्चिमस्थित सुस्ता गाउँपालिका-५ मा रहेको नारायणी नदीमा निर्माण भएको त्रिवेणी महेशपुर (सुस्ता) मल्टिस्पान झोलुंगे पुलको राष्ट्रपति पौडेलले उद्धाटन गरेका हुन्। साथै सुस्ता क्षेत्रमा एकीकृत राष्ट्रिय विद्युत प्रणालीबाट विद्युत आपुर्तिसमेत सुरु भएको छ । झोलुंगे पुलले सुस्ता गाउँपालिका-५ को सकरदिनही र सोही वडाको सुस्ता गाउँलाई जोड्ने छ। सुस्ता क्षेत्रमा तीन सय ५० घरधुरीको बसोवास छ। यो पुल बन्नुअघि स्थानीयहरु डुंगाबाट जोखिमपूर्ण यात्रा गर्नुपर्ने बाध्यतामा थिए। वर्षायाममा उच्च वहाव हुँदा नदी तर्न जोखिमपूर्ण हुने गरेको थियो। डुंगा दुर्घटना हुँदा मानवीय क्षतिसमेत व्यहोर्नुपरेको थियो। एक हजार पाँच सय ७१ मिटर लामो झोलुंगे पुल भ्याटबाहेक २० करोड ९३ लाखको लागतमा निर्माण भएको हो। यो पुल बनेपछि सुस्तापट्टी उत्पादन हुने उखु र केरा दायाँ किनारमा ल्याउन र बजारको पहुँचमा सहजता हुने देखिएको छ । यो पुलको दायाँ किनारमा सकरदिनही र वायाँ किनारमा सुस्ता पर्दछ। नेपाल सरकार, शहरी विकास मन्त्रालय र उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको आयोजनामा कार्यक्रम राखिएको छ। कार्यक्रममा कार्यवहाक प्रधानमन्त्री तथा शहरी विकासमन्त्री प्रकाशमान सिंह, लुम्बिनी प्रदेश प्रमुख कृष्णबहादुर घर्ती मगर, मुख्यमन्त्री चेतनारायण आचार्य, उर्जा, जलस्रोत तथा सिंचाइमन्त्री दिपक खड्का, लुम्बिनी प्रदेशका सभामुख तुलाराम घर्ती मगर लगायत प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य तथा स्थानीय तहका जनप्रतिनिधिहरुको सहभागिता थियो।

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

## गाउँपालिका द्वारा जारी सन्देश


१. आफ्नो घर आगन सफा राखौं।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
१०.सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।

सोरु गाउँपालिका
मुगु

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

ताँजाकोट गाउँपालिका
हुम्ला

# जुम्लामा चाडपर्व केन्द्रीत सुपथ मूल्य पसल सञ्चालन हुने




• नमस्ते समचारदाता
मुगु, असोज/१०

खाद्य व्यवस्था तथा व्यापार कम्पन्नी लिमिटेड शाखा कार्यालय जुम्लाले चाडपर्व केन्द्रीत सुपथ मूल्य पसल सञ्चालन गर्ने भएको छ । दुई महत्वपूर्ण चाडपर्वलाई लक्षित गरेर सुपथ मूल्य पसल सञ्चालन हुने भएको हो । खाद्य व्यवस्था तथा व्यापार कम्पन्नी लिमिटेड शाखा कार्यालय जुम्लाका प्रमुख सन्तोष तिवारीका अनुसार सेवाग्राहीलाई लक्षित गर्दै जुम्लामा आगामी असोज १३ गतेदेखि सहुलियत मूल्य पसल सञ्चालन हुनेछ । नेपालीहरुको महान चाड दशैं र तिहारलाई लक्षित गर्दै सहुलियत मूल्य पसल सञ्चालन हुन लागेको प्रमुख तिवारीले बताए । सहुलियत मूल्य सञ्चालनपछि प्रतिकेजी चामलमा ५ रुपैयाँ छुट हुनेछ । सहुलियत मूल्य पसल सञ्चालन गर्न ५ हजार क्वीन्टल चामल छुट्याइएको छ । चालू आवका लागि जुम्लामा ९ हजार क्वीन्टल चामलको कोटा छुटाइएको छ । खाद्य संस्थानमा हाल स्ट्रिम जिरा मसिनो,अरुवा मोटा र सोना मन्सुली चामल बिक्रीवितरण हुँदै आएको छ । खाद्य व्यवस्था तथा व्यापार कम्पन्नी लि.शाखा कार्यालय जुम्लाका जिन्सी शाखा प्रमुख लक्ष्मण शर्माले सहुलियत मूल्य पसल सञ्चालनपछि छुट दिँदा २ हजार ४ सय पर्ने स्ट्रिम जिरा चामल छुटपछि २२ सय ७५ प्रतिबोरा पर्ने बताए । १६ सय ७५ रुपैयाँ पर्ने अरुवा मोटा छुटपछि १५ सय ५० र १७ सय ५० रुपैयाँ पर्ने सोना मन्सुली छुटपछि १६ सय २५ रुपैयाँमा बिक्रीवितरण हुने छ । चाडपर्वका बेला सहुलियत पसलबाट थोरै छुटले पनि विपन्न नागरिकलाई राहत हुने समेत अपेक्षा गरिएको छ । हाल खाद्यबाट दैनिक १२० देखि१३० क्वीईन्टल चामल विक्रि भईरहेको छ ।

# व्यावसायिक तरकारी खेतीबाट आम्दानी गर्दै रुगुबिनी

• नमस्ते समचारदाता
कालीकोट, असोज/१०



सायद केही वर्ष अघिसम्म तरकारी बिनै घरको चुलोमा पाकेको भात, रोटी र तिउन (दाल) मात्र खाँदै आएका किसान अहिले आफूले तरकारी प्रयोग गर्ने मात्र होइन बचेको तरकारी बिक्रीबाट आम्दानी बढाइहरेमा खार्पुनाथ गाउँपालिका- ४ को छिप्रा गाउँकी रुगुविनी उपाध्याय पर्छिन्। त्यो पनि उनले बहु तरकारी खेती गरेर आम्दानी गरिहेकी छन्। हुन त उपाध्यायले अन्य खेतीपाती गर्न पनि छाडेकी छैनन् तैपनि मुख्य ध्यान भने बहु तरकारी खेतीमै लगाएकी छन्। उनको तरकारी बारीमा पहिले फल्ने भनेको खुर्सानी, भेण्टा, फर्सी र केही गोलभेडा मात्र हो। तर अहिले बहु तरकारी खेती उनको परिवारले गर्दै आएको छा उनीहरुले १२ वर्षदेखि तरकारी खेती गर्दै आएका छन् । सात जना परिवारका सदस्यमा तीन छोरी र एक छोरा रहेकोमा छोरा भने हाल जापानमा छन्। उनको तरकारी खेतीमा श्रीमान् र ७२ वर्षकी सासू देवसरा उपाध्यायले सहयोग गर्दै आएका छन्। वर्षमा चाडपर्वका लागि साठी केजीसम्म खाद्य व्यवस्था तथा ब्यापार कम्पनी लिमिटेडको खाद्यान्न (चामल) खरिद गर्नेबाहेक स्थानीय उत्पादनबाटै खाना पुग्ने गर्छ। गत वर्षसम्म वार्षिक दुई लाख रुपैयाँ कमाउँदै आएका थिए। अब आम्दानीमा बृद्धि हुने उनको भनाइ छ। प्रौढ शिक्षा पढेर साक्षर भएकी उपाध्यायले देखसिकीबाट र कृषि क्षेत्रमा काम गर्ने निकायले प्रदान गर्ने तालिममा सिकेका कुराजाई लागू गर्ने क्रममा व्यावसायिक तरकारी खेती गर्न उनी आकर्षित भएकी हुन्। यो पेशामा लागेको र अब जीवनभर यो खेतीमा लागिरहने सोच उनमा छ। एक वर्षयता उपाध्यायको परिवारले चार स्थानमा बहु तरकारी खेती सुरु गरेकी छन्। यसअघि उनले दुई स्थानमा त्यसको सुरुवात गरेकी थिइन्। उक्त वडामा एक वर्षयता जलवायु उत्थानशील हरित कृषि तथा उत्पादनशील पारिस्थितकीय पद्धति (ग्रेप) परियोजना लागू हुँदै आएको छ। उक्त परियोजनाबाट सिकेको ज्ञान सीप र तरकारी बलाउने तरिकाको कारण उनले तरकारी खेतीलाई थप बिस्तार गरेकी हुन्। परियोजनाबाट पाल, हजारी, ड्रम, प्लाष्टिक पोखरी, मल खाल्डो, फोहोर कम्पोष्ट मल बनाउने सीप र आवश्यक सामग्रीसमेत सहयोग उनले पाएकी छन्। त्यसैगरी तरकारी खेतीका लागि विभिन्न प्रकारका बीउसमेत परियोजनाले उपलब्ध गराएको छ । तरकारी खेती गरिएको जग्गालाई भने उनले नै घेरवार गरेकी छन्। उनले आफ्नो तीन रोपनी जग्गामा काउली, बन्दा, सलगम, भेण्टा, अकबरे खुर्सानी, टमाटर, गाँजर, काँक्रो, मुला तीतेकरेला, तरुल, बेसार, स्याउ र भई स्याउ लगाएकी छन्।


## जनहितमा जारी सन्देश


- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

सोरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिमा, मुगु


# शान्ति सुरक्षा कायम गर्नु पहिलो कर्तव्य: प्रजिअ पाण्डे

• नमस्ते समचारदाता
हुम्ला, असोज/१०

नयाँ सरुवा भएका प्रमुख जिल्ला अधिकारी नारायण



पाण्डे जिल्लामा आइपुगेका छन्। बुधवारबाटै आउने प्रयास गरिए पनि नेपालगञ्जबाट सिमकोटका लागि उडान नभएका कारण नेपालगञ्जमा रोकिएका प्रजिअ पाण्डे बिहीबार सीता एयरको जहाजमा जिल्लामा आइपुगेका हुन्। जिल्लामा पहिलो पटक प्रमुख जिल्ला अधिकारीको रुपमा काम गर्ने गरी आई पुगेको र बिहीबारबाटै कामकाजमा सुरु गरेको प्रजिअ पाण्डेले बताए। उनले जिल्लाको शान्ति सुरक्षा र अमन चयन कायम राख्ने आफ्नो पहिलो प्राथमिकता र हेको र त्यसैअनुसार सबैको सहयोगको अपेक्षा आफूले र ाखेको बताए । जिल्लाको विकास र निकासका लागि सबैसँग समन्वय र सहकार्य गरेर अगाडि बढ्ने पनि उनले बताए। १९ वर्ष सेवा अवधि पुगेका प्रजिअ पाण्डे यसअघि कर्णाली प्रदेशकै सुर्खेत जिल्लाको सहायक प्रमुख जिल्ला अधिकारीका रूपमा काम गरेका थिए भने त्यसअघि सुदूरपश्चिम प्रदेशका बझाङ जिल्लामा प्रजिअको रुपमा समेत काम गरिसकेका छन्। उनलाई सिमकोट विमानस्थलमा प्रहरी नायब उपरीक्षक रवीन्द्र खनाल, सशस्त्र प्रहरी नायब उपरीक्षक देवराज राई, सहायक प्रमुख जिल्ला अधिकारी अमृत सुवेदी, सिमकोट विमानस्थल प्रमुख महेन्द्रबहादुर सिंहलगायत कर्मचारीले फूलमाला लगाएर स्वागत गरेका थिए ।


## डेंगीका लक्षणहरू

डेंगीका लक्षणहरू:
- एक्कासी ज्वरो आउनु,
- ५-७ दिनसम्म ज्वरो रहनु,
- बेस्सरी टाउको दुख्नु,
- आँखाको गेडी दुख्नु,
- हाडजोर्नी, मांशपेसी र ढाड दुख्नु,
- शरीरमा विविरा आउनु,
- रिङ्गटा लाग्नु,
- वाक्वाकी लाग्नु, बान्ता हुनु,

यस्ता लक्षणहरु देखिएमा तत्काल स्वास्थ्यकर्मीसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जन्म, मृत्यु, विवाह, बसाईं सराईं र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

अदानचुली गाउँपालिका
श्रीनगर, हुम्ला


नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके